# विद्यमान तथा योजनाबद्ध उपायहरु

## व्यक्तिगत विवरणको लागि गोपनीयता आयुक्त कार्यालय, हङकङ
## (अफिस अफ द प्राईभेसी कमिशनर फर पर्सनल डाटा हङकङ)

व्यक्तिगत विवरणको लागि गोपनीयता आयुक्त कार्यालय (PCPD)को उद्देश्य व्यक्तिगत विवरण (गोपनीयता) अध्यादेश (PDPO)को पालना, अनुगमन र प्रचारको माध्यमद्वारा व्यक्तिहरुका गोपनीयता सुरक्षित गर्नु हो ।

| | |
|---|---|
| सम्बन्धित सेवाहरु | • आम जनता र/वा सार्वजनिक तथा निजी संस्थाहरुले व्यक्तिगत डाटा गोपनीयताको सम्बन्धमा PCPDलाई सोधपुछ, उजुरी र/वा कानूनी सहयोगको लागि आवेदन दिन सक्छन् ।<br><br>• PCPDले विभिन्न माध्यमबाट व्यक्तिगत डाटा गोपनीयताको सुरक्षा र सम्मानको प्रचार गर्दछ, PDPO को आवश्यकता अनुसार व्यक्ति र संस्थाहरुलाई प्रशिक्षण संचालन गर्दछ र साझेदारहरुसँग काम सम्बन्धी प्रबन्ध गर्दछ ।<br><br>• हाम्रो सेवाहरू सर्वसाधारणले उनीहरुको जातीय पृष्ठभूमिका बावजुद पनि सजिलैसँग प्राप्त गर्न सकुन् भनि सुनिश्चित गर्न, सेवाको प्रावधानमा भाषा अवरोध हटाउनका लागि कदमहरु लिइएको छ । |
| विद्यमान उपायहरु | • हाम्रो सेवाहरु जातिको सम्बन्धमा समान छन् र दुईवटा आधिकारिक भाषाहरुमा(चिनियाँ र अंग्रेजी)उपलब्ध गरिन्छ । |

- व्यक्तिगत विवरण गोपनीयताको सुरक्षा र सम्मान बारे जानकारी PCPD को वेबसाइटमा दुईवटा आधिकारिक भाषाहरु (चिनियाँ र अंग्रेजी)मा उपलब्ध छन् । यसबाहेक, सर्वसाधारण जनताहरुको लागि उपलब्ध गरिएको सबै कोडहरू, निर्देशहरू, सूचना पर्चा र पुस्तिकाहरु यी दुई आधिकारिक भाषाहरूमा प्रकाशित छन् ।

- आवश्यक भए अनुसार उचित तरिकाले अल्पसंख्यक जातीयहरुको लागि केन्द्र (CHEER)द्वारा दोभाषे सेवाको व्यवस्था गरिनेछ। CHEER ले आठ वटा भाषाहरु जस्तै बहासा इन्डोनेशिया हिन्दी, नेपाली, पन्जाबी, उर्दू, तागालग,थाई र भियतनामी भाषाहरुमा टेलिफोन दोभाषे सेवाहरु उपलब्ध गर्दछ ।

- PCPD ले भाषा सेवाहरू प्रति काम गर्ने प्रक्रिया तयार गरेको छ र सबै कर्मचारीहरू(विशेष गरी फ्रन्टलाइन स्टाफ) लाई भाषा सेवाका नीतिहरु बारे सचेत गरिएको छ; र निर्धारित कार्य प्रक्रियाहरूसँग परिचित हुन। PCPD ले कर्मचारीलाई आवश्यक भएको खण्डमा समयमै निर्देशन र सहायता प्रदान गर्दछ ।

- जातीय समानता प्रति जागरूकता र संवेदनशीलता बढाउन कर्मचारीहरुलाई प्रशिक्षणको व्यवस्था गरिनेछ ।

- PCPD ले जातीय समानतामा हाम्रो नीति र प्रभावहरू मूल्यांकन गर्न, र सेवा प्रावधानहरुमा निरन्तर सुधार गर्न "दोभाषे अनुवाद सेवाहरुको आवश्यकता" र दोभाषे अनुवाद सेवा आवश्यक हुने सेवा प्रयोगकर्ताहरुले "रुचाइएको भाषा" मा आधारभूत जानकारी संकलन गरिन्छ। उपयुक्त विवरण संकलन गर्नु अग्रिम सेवा प्रयोगकर्तालाई डाटा संकलन बयान उपलब्ध गरिनेछ ।

- कार्यस्थलमा राम्रो अभ्यासहरू सुनिश्चित गर्न कर्मचारी

आचार संहितामा जातीय समानता समावेश गरिएको छ ।

- PCPD ले आवश्यक पर्दा शिक्षा सेमिनारहरूमा अनुवाद र दोभाषे सेवाहरूको व्यवस्था गर्नेछ ।

- तत्काल अनुवाद एयापहरू भएका मोबाइल उपकरणहरू विभिन्न भाषाहरू (बहासा इन्डोनेसिया, हिन्दी, नेपाली, पन्जाबी, उर्दू, तागालोग, थाई र भियतनामी लगायत)का मानिसहरूसँग सञ्चार सहज बनाउन उपलब्ध छन् ।

- PCPD वेवसाईटले CHEER को सम्पर्क जानकारी आठवटा भाषाहरुमा दिएको छ । विविध जातिका मानिसहरुले आवश्यक जानकारीहरु CHEER मार्फत् प्राप्त गर्न सक्छन्।

- विविध जातिका मानिसहरुलाई सोधपुछ गुनासो सेवाहरु प्रदान गर्न ड्युटी अफिसरहरु तथा फ्रन्टलाईन स्टाफका निम्ति आन्तरिक सहायताका लागि PCPD ले एक अधिकारीलाई नियुत्त गरेको छ ।

- PCPD ले जातिय समानता सम्बन्धित जानकारीलाई कर्मचारीको सन्दर्भका निम्ति आन्तरिक ईन्ट्रानेटमा नियमित रुपले अपलोड गर्नेछ ।

| | |
|---|---|
| भावी कार्यको मूल्यांकन | • PCPD ले निरन्तर सुधारको निम्ति कर्मचारी र सेवा प्रयोगकर्ताहरूको प्रतिक्रिया संकलन गर्दछ र सो उपायहरूको नियमित समीक्षा गर्दछ । |
| लिने/ लिनु पर्ने थप उपायहरु | • *विविध जातिका मानिसहरूका लागि जातीय समानताको प्रवर्द्धनसँग सम्बन्धित* PCPD *को उपायहरू र जानकारी सहज रुपमा पहुँच गराउन* PCPD *को गृहपृष्ठ* "An Inclusive Society" (*समावेशी समाज*) *मा कुइक् लिङ्क* |

*आइकन उपलब्ध छ ।*

जातीय समानताको बढावाको निम्ति विद्यमान तथा योजनाबद्ध उपायहरु सम्बन्धी सोधपुछ गर्न, कृपया मिस नेटली पून, सिनियर पर्सनल डाटा अफिसर(कर्पोरेट सपोट)लाई निम्न माध्यमहरु मार्फत सम्पर्क गर्नुहोस् -

| | | |
|---|---|---|
| टेलिफोन नं. | : | 2827 2827 |
| फ्याक्स नं. | : | 2877 7026 |
| इमेल | : | communications@pcpd.org.hk |
| पत्राचार ठेगाना | : | Room 1303, 13/F, Dah Sing Financial Centre, 248 Queen's Road East, Wan Chai, Hong Kong |

**व्यक्तिगत डाटाको लागि गोपनीयता आयुक्त कार्यालय, हङकङ**
**मे 2025**